Pragyan Volume : 7, Issue : 1, 2079, ISSN : 2661-6068
DOI: https://doi.org/10.3126/pragyan.v7i1.55160

# शब्दार्थ शिक्षणका विधिहरू

*चतुर्भुज नेपाल*
*शिक्षण सहायक*
*त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा*
*इमेल : chaturbhujnepal43@gmail.com*

**लेखसार**

*प्रस्तुत लेखमा नेपाली भाषा शिक्षकले नेपाली भाषाशिक्षणका क्रममा शब्दार्थ शिक्षण गर्दा प्रयोग गर्न सकिने विधिहरूको विश्लेषण गरिएको छ। नेपाली भाषा शिक्षणमा शिक्षकलाई शब्दार्थको ज्ञान हुनु र विद्यार्थीहरूमा शब्दार्थको बोध गराउनु अत्यावश्यक रहेको हुन्छ। विद्यार्थीहरूको नेपाली भाषाप्रतिको दृष्टिकोणलाई सकारात्मक बनाउन र प्रभावकारी शिक्षण गर्नका लागि शब्दार्थ शिक्षण गराउनु पर्दछ। विधागत पाठलाई चिरस्थायी बनाउन र शब्दभण्डार क्षमताको विकास गराउनु शब्दार्थ शिक्षणको मूल उद्देश्य हो। शब्दार्थ शिक्षणमा देखिएका सन्दर्भहरूको पहिचान गर्नु यस अध्ययनको प्रमुख समस्या हो। शब्दार्थ शिक्षण गर्दा विभिन्न विधिहरूको प्रयोगबाट शिक्षण सिकाइमा आएको सुधारको विश्लेषण गरी निष्कर्षमा पुग्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ। शब्दार्थ शिक्षणमा प्रयोग गरिने विधिहरूका आधारमा विश्लेषण गरिएकाले यस लेखमा सैद्धान्तिक विधिको उपयोग गरिएको छ भने कक्षा ९ मा नेपाली भाषा शिक्षकले शिक्षण सिकाइ गर्दा गरिएको कक्षा अवलोकन र विद्यार्थीसँग गरिएको प्रश्नोत्तरलाई आधार मानी निष्कर्ष निकालिएकाले प्रयोगात्मक विधिको पनि उपयोग गरिएको छ। शब्दार्थ शिक्षणमा केकस्ता समस्याहरू देखिन्छन् भन्ने समस्यामा केन्द्रित रही विद्यालय तहमा शब्दार्थ शिक्षण गर्दा अवलम्बन गर्न सकिने विधिहरू र शब्दार्थ शिक्षणका विधिहरूले शिक्षणमा आएको सुधार पुष्टि गरी निष्कर्ष निकालिएको छ।*

**शब्दकुञ्जी :** पर्यायवाची, वृतान्त, चपल, प्राविधिक, अरेविक, व्युत्पादन

# TECHNIQUES OF VOCABULARY

*Chaturbhuj Nepal*

## Abstract

*The present article talks about the techniques and strategies adopted in vocabulary teaching. Nepali language teachers and students must have the skill and knowledge about the words and their meaning in context. To maximize students' learning, vocabulary teaching is very important as students will be positively motivated to learn the lesson. The purpose of vocabulary teaching is to make them learn about the vocabulary and their correct use in their day to day life. The objective of this research is to analyze the improvement seen in students' learning applying different vocabulary teaching techniques. This study is based on class observation and closed ended questionnaire. The findings of the study has been presented on the basis of interpretation and analysis of the data given by the informants.*
*Keywords : synonyms, description, technical, disruptive, Abrabic, derivative*

## विषयपरिचय

नेपाली भाषाशिक्षणमा रहेका विभिन्न विधाहरू तथा व्याकरणको शिक्षणका क्रममा शब्दार्थको शिक्षण हुनु र विद्यार्थीलाई शब्दार्थको ज्ञान हुनु जरूरी रहेको छ । नेपाली भाषाशिक्षकले कुनै पनि विधागत पाठ अध्यापन गर्दा त्यस पाठमा प्रयोग भएका तर विद्यार्थीहरूलाई जटिल लागेका शब्दहरू विद्यार्थीहरूलाई नै पहिचान गर्न लगाएर शब्दार्थको शिक्षण गर्नु पर्दछ । शब्दार्थको शिक्षण गर्दा विभिन्न विधि तथा तरिकाहरू अवलम्बन गर्नु पर्दछ, जसले गर्दा विद्यार्थीहरूले विधागत पाठको अर्थ वा भाव बुझ्न सकून् । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई शब्दार्थ शिक्षणका  विधिहरूको प्रयोगले शिक्षण सिकाइमा सुधार आएको पाइन्छ । जति धेरै शब्द जान्यो व्यक्ति भाषामा त्यत्तिकै पोख्त बन्दै जान्छ । भाषाका विभिन्न शैली र संरचनाको जानकारी भएमा शब्दार्थसिकाइमा सहजता हुन्छ । शब्दार्थको ज्ञानसँगै व्यक्तिको शब्दभण्डार क्षमता पनि वृद्धि हुँदै जान्छ । नेपाली भाषाको विधागत ज्ञानबढाउन र व्याकरणको सही प्रयोग गर्न पनि सक्षम बनाउँछ । माध्यमिक तहमा नेपाली विषयमा विभिन्न विधाहरू कथा, कविता, निबन्ध,जीवनी, संवाद, चिठी, दैनिकी, एकाङ्की, वक्तृता, वादविवाद, मनोवाद, नियात्रा, नाटक, उपन्यास र व्याकरणजस्ता विधाहरू समेटिएको छ । विद्यार्थीहरू शब्दार्थको ज्ञान भएमा मात्र विधागत पाठ उनीहरूले राम्ररी बुझ्न सक्छन् । नेपाल सरकारले कक्षा ९-१२ लाई माध्यमिक तह मानेको छ । शब्दार्थ शिक्षणका विधिहरूका सम्बन्धमा  कक्षा ९ मा शब्दार्थ शिक्षण गर्दा अपनाइएका विधिहरू र अपनाउन सकिने अन्य विधिहरूको चर्चा गर्नुका साथै नेपाली भाषाशिक्षकले कक्षाकोठामा प्रयोग गर्ने शैक्षिक सामग्रीहरूको विश्लेषण यस लेखमा गरिएको छ ।


माध्यमिक तहको कक्षा ९ मा शब्दार्थ शिक्षण गर्दा के कस्ता विधिहरूको प्रयोग गरिएको पाइन्छ र नेपाली भाषाशिषणमा शब्दार्थ शिक्षणका  केकस्ता विधिहरू पाइन्छन् भन्ने समस्यामा केन्द्रित रहेर कक्षा शिक्षणलाई प्रभावकारी बनाउन नेपाली विषयको विधागत पाठको शिक्षणका क्रममा शब्दार्थ शिक्षणका विधिहरूको पहिचान गर्ने कार्यलाई अध्ययनको समस्याका रूपमा चयन गरिएको छ। प्रस्तुत लेखमा उपर्युक्त समस्यामा केन्द्रित रहेर नेपाली भाषाशिक्षणमा शब्दार्थ शिक्षणका विधिहरूको सैद्धान्तिक धरातलमा रहेर कक्षा ९ को नेपाली विषयको शब्दार्थ शिक्षणमा प्रयोग गरिएका विधिहरू र विधिहरूको प्रयोगले शिक्षण सिकाइमा पारेको प्रभाव उल्लेख गर्नुनै प्रस्तुत लेखको उद्देश्य हो।

## अध्ययन विधि

प्रस्तुत लेखमा शब्दार्थ शिक्षणका विधिहरूको उठान शब्दार्थ शिक्षणका सैद्धान्तिक मान्यताका आधारमा व्याख्यात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ। भाषाशिक्षणसँग सम्बन्धित लेख भएकाले कक्षा ९ मा नेपाली विषयशिक्षकले अध्यापन गरेको कक्षाकोठामा कक्षा अवलोकन गरिएको र प्रतिनिधि विद्यार्थीहरूसँग प्रत्यक्ष कुराकानी र प्रश्नोत्तर गरिएकाले अवलोकन, प्रश्नोत्तर र प्रयोगात्मक विधिको पनि प्रयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा न्यू होराइजन मा.वि.का नेपाली शिक्षक, १० जना कक्षा ९ का विद्यार्थीहरू र सेन्ट कपितानियो मा.वि.का नेपाली शिक्षक र कक्षा ९ का १० जना विद्यार्थीहरूको भाषाशिक्षणको कक्षाकोठामा गरिएको प्रत्यक्ष कुराकानी रहेको छ।  माध्यमिक तहमा नेपाली भाषा अध्यापनरत शिक्षक र कक्षा ९ का विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा छनोट गरिएको छ।

## शब्दको परिचय

शब्द' संस्कृतको मूल शब्द हो। यो संस्कृत भाषाको 'शब्द' धातुमा अ (घञ) प्रत्यय लागेर बनेको छ। जसको अर्थ ध्वनि वा आवाज भन्ने हुन्छ । शब्दलाई हिन्दीमा शब्द नै भनिन्छ भने अङ्ग्रेजीमा वर्ड, जर्मनीमा उर्ट, ल्याटिनमा भेर्बुम, ग्रीकमा लिरो र अरेविकमा लफ्ज भनिन्छ। शब्द र अर्थको  योगबाट नै शब्दार्थ बनेको छ, जसको अर्थ शब्दले बुझाउने अर्थ भन्ने हुन्छ। भाषाको आधारभूत अर्थयुक्त एकाइ रूप हो, रूप रूप मिलेर शब्दको निर्माण हुन्छ। एक वा एकभन्दा बढी पद/शब्द मिलेर बनेको शब्द समूहलाई पदावली भनिन्छ। पदावली पदावली मिलेर उपवाक्य बनेको हुन्छ भने उपवाक्य उपवाक्य मिलेर वाक्यको निर्माण भएको हुन्छ। वाक्य वाक्य मिलेर अनुच्छेद बन्दछ। वाक्य वाक्य मिलेर सिङ्गो अभिव्यक्तियुक्त सङ्कथन बनेको त्यसैले भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त र सम्प्रेषणयुक्त बनाउन शब्दले आधारभूत भूमिका खेलेको हुन्छ ( शर्मा र पौडेल, २०७०, पृ. १६७)। खास वस्तु, व्यक्ति, जाति, समूह एवम् धारणालाई बुझाउने एक वा एकभन्दा बढी भाषिक रूपहरूको मेलबाट बनेको अर्थयुक्त एकाइलाई शब्द भनिन्छ। कुनै पनि भाषाका सबै शब्दहरूले एउटै वा एकैप्रकारको काम गर्दैनन् व्यक्ति, स्थान, पदार्थ, भाव आदिलाई चिनाउँछन्, कुनैले अन्य शब्दको कार्य गरिदिन्छन् (गैरे, २०६९, पृ. ९५)। एक वा अनेक अक्षरले बनेको स्वतन्त्र अर्थ दिन र प्रयोगमा आउन सक्ने भाषिक एकाइलाई शब्द भनिन्छ (भुसाल, २०७४, पृ. १४४)। सारांशमा भन्नुपर्दा रूपभन्दा ठूलो पदावलीभन्दा सानो स्वतन्त्र रूपमा प्रयोग गर्न सकिने भाषिक एकाइलाई शब्द भनिन्छ। बनोट र कार्यका आधारमा शब्दलाई यसरी वर्गीकरण गर्न सकिन्छ :




(ढकाल र अन्य, २०७४/७५, पृ. ४०)।

शब्द वाक्यमा स्वतन्त्र प्रयोगमा आउने लघुतम एकाइ हो। शब्दले शब्दकोशमा बेग्लाबेग्लै प्रविष्टि पाउँछन्। शब्द व्याकरणात्मक एकाइ हो। विभिन्न बनोट, स्रोत, कार्य र अर्थका आधारमा शब्दका भेदहरू विभाजित हुन्छन्(पौडेल, २०७३, पृ. १७१)।

## शब्दार्थ शिक्षणका विधिहरू

शब्दले व्यक्त गर्ने आशयलाई शब्दार्थ भन्ने बुझिन्छ। शब्दार्थ शिक्षण भनेको शब्दले दिने धारणाको शिक्षण हो, जुन ग्रहण कलाका लागि पूर्वावश्यक हुन्छ र त्यसैको सक्रिय र उपयुक्त प्रयोग अभ्यासले अभिव्यक्ति कलाको विकास हुन्छ। शब्दार्थ शिक्षणले शब्दको अर्थगत पहिचान र त्यसको कुशल प्रयोग क्षमता विकासको शिक्षण कौशललाई बुझाउँछ। शब्दार्थ शिक्षणको मुख्य अभिप्राय आधारभूत शब्दावलीमा विद्यार्थीहरूलाई आत्मनिर्भर गराई शब्दका प्रशस्त विकल्पहरूको छनोट गरेर खास प्रकरण वा सन्दर्भमा आवश्यक हुने शब्द प्रयोगको कुशलता अभिवृद्धि गर्नु हो। यसका साथै शब्दभण्डार क्षमताको वृद्धि गर्नु र कोशीय, सन्दर्भपरक र संरचनात्मक शाब्दिक क्षमता अभिवृद्धि गरी तिनको कुशल प्रयोग गरेर भाषाका ग्रहण र अभिव्यक्ति सिपलाई प्रभावकारी बनाउनु पनि शब्दार्थ शिक्षणको महत्त्वपूर्ण पाटो हो(शर्मा र पौडेल, २०७०, पृ. १७२)। शब्दार्थ शिक्षणका प्रमुख विधिहरूलाई तल उल्लेख गरिएको छ।

### पर्यायवाची शब्द दिने

विद्यार्थीहरूका पूर्वानुभवसँग सम्बन्धित शब्दहरूको उपयोग गर्दै शिक्षणीय शब्दका पर्यायवाची रूपहरू देखाएर वा बताएर शिक्षण गर्नु पर्दछ। जस्तै युवा > तरुण,कर > हात, केश > कपाल, गगन > आकाश, वृतान्त > बयान ................ आदि। दोस्रो भाषाका रूपमा वा द्विभाषिक कक्षामा नेपाली भाषा

शिक्षण गरिएको छ भने विद्यार्थीहरूको पहिलो भाषाका रूपमा प्रयोग हुने शब्दहरूलाई आधार मानेर ती शब्दहरूको पर्यायवाची बनाएर शिक्षण गर्नु पर्दछ। पर्यायवाची शब्दको प्रयोग गरेर शब्दार्थ बताइदिँदा विद्यार्थीमा दुवै शब्दको सँगै धारणा निर्माण गर्न पनि सहज हुन्छ।

**विपरीतार्थी शब्द दिने**

कतिपय शब्दहरू तिनका विपरीत अर्थका माध्यमले पनि अर्थ स्पष्ट हुने खालका हुन्छन्। विपरीत अर्थका माध्यमले अर्थबोध गराउन उपयुक्त हुने शब्दहरूको शिक्षणमा यस विधिको उपयोग गर्नु पर्दछ। जस्तै : ठूलो - सानो, उज्यालो - अँध्यारो, धनी- गरिब,....................आदि। सबै शब्दले ठ्याक्कै विपरीत अर्थ दिदैनन् त्यस्तो अवस्थामा यो विधिको प्रयोग गर्न सकिदैन र यो विधिको प्रयोग गर्दा उपयुक्तता र सहजताको ख्याल गर्नु पर्दछ।

**अर्थ बताउने**

शब्दको अर्थ वा आशय बताउने प्रक्रियालाई अर्थीकरण भनिन्छ। यस विधि अपनाउँदा शिक्षणीय शब्दभन्दा जटिल र शब्द वर्गीय भिन्नता नहुने गरी विद्यार्थीले जानेकै शब्दको उपयोग गरेर आशय वा अर्थ बताउन शिक्षक सजग रहनु पर्छ। जस्तै : चपल - चञ्चले, फसाद -झन्झट,.................आदि। शिक्षकले शब्दहरू बताउँदा जटिल खालका शब्दहरू बताउनु उपयुक्त हुँदैन। विद्यार्थीको तह र स्तर अनुसारको शब्दको प्रयोग गर्नु उपयुक्त हुन्छ।

**परिभाषा दिने**

शब्दकोशमा दिइएको कोशीय अर्थले मात्र वास्तविक अर्थ बोध गराउन नसकिने अवस्थामा पारिभाषिक वा प्राविधिक शब्दहरूको अर्थ बोध गराउन परिभाषा बताउनु आवश्यक हुन्छ। विभिन्न क्षेत्रमा प्रयोग गरिने शब्दहरूले ती क्षेत्र विशेषमा अर्थ दिएका हुन्छन्। ती शब्दहरूलाई बुझ्न र तिनको अर्थ जान्न परिभाषा दिनुपर्दछ, त्यस्ता शब्दहरूलाई पारिभाषिक वा प्राविधिक शब्दहरू भनिन्छ। जस्तै : मूल्याङ्कन > कुनै पनि असल वा कमसल कुन प्रकारको हो अथवा कुनै पनि वस्तु, विषय वा विचार कुन किसिमको छ भनेर हेर्ने, नियाल्ने, जाँच्ने र त्यसको मूल्य र महत्त्व निर्धारण गर्ने काम। रस > विभिन्न पदार्थभित्र अन्तर्निहित अनिवार्य गुण, मानवीय मनभित्र सुषुप्त अवस्थामा रहेको उत्साह, करुणा, विराग, वासना आदि। पारिभाषिकरण विधिबाट शब्दार्थ शिक्षण गर्दा विषय क्षेत्रलाई ध्यान दिएर परिभाषा दिनु र प्रासाङ्गिक प्रयोग उदाहरणबाट दिनु आवश्यक हुन्छ।

**अनेकार्थी शब्द दिने**

एउटै शब्दले दुई वा दुईभन्दा धेरै अर्थ दिने शब्दलाई अनेकार्थी शब्द भनिन्छ। विभिन्न प्रसङ्गमा विभिन्न अर्थ दिन सक्ने सम्भावना शब्दमा रहेको हुन्छ। शब्दार्थ शिक्षणमा अनेकार्थी शब्दको प्रयोगले विभिन्न सन्दर्भ वा प्रसङ्गमा फरक फरक अर्थ बुझाउने भएकाले ती शब्दहरूका अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गराएर अनेकार्थी शब्दको पहिचानसँग शब्दार्थ शिक्षण गर्नु पर्दछ। जस्तै : ताल - संगीतको ताल, पानी जमेर पोखरी बनेको अवस्था।कल- झगडा, मेसिन, पानीको धारा। अर्थ फरक फरक आउने सन्दर्भहरूका वाक्यहरू कक्षामा प्रयोग गरिदिएर अनेकार्थी शब्दका आधारमा शब्दार्थ शिक्षण गराउनु पर्दछ।

**समावेशीकरण शब्द दिने**

शब्दको सामार्थ्य भनेको नै शब्दले बुझाउने अर्थ हो । भाषामा धेरै किसिमका शब्द र तिनका अर्थलाई समावेश गर्न सक्ने विशेषता रहेको पाइन्छ । कुनै एक शब्दले धेरै किसिमका शब्दहरू र तिनका अर्थहरूलाई लिन सक्ने विशेषता बोकेको हुन्छ । यसैलाई शब्दको समावेशीकरण भनिन्छ । आफूमा समेट्न सक्ने गुण भएका शब्दहरू यसमा पर्दछन् । शब्दहरूले आफूभित्र समेट्न सक्ने शब्दहरू दिएर अर्थ स्पष्ट पार्न सकिन्छ । जस्तै : फुल > गुराँस, गुलाव, गोदावरी, सयपत्री । सजीव > मान्छे, चरा, माछा आदि ।

**वस्तु प्रत्यक्षीकरण गर्ने**

विद्यार्थीका चिरपरिचित धारणा र अनुभवभन्दा बाहिरका वस्तु र विषयसम्बन्धी अर्थवहन गर्ने खालका शब्दहरू हुन्छन् । सम्बन्धित दृश्यबाट अवलोकन गर्न सक्ने वस्तु, चित्र, तस्वीर वा प्रतिमूर्तिहरूको प्रयोग गर्नु धेरै प्रभावकारी हुन्छ । जस्तै : घोडा शब्दको प्रयोग गर्दा प्रतिमूर्तिको रूपमा घोडा देखाउनु, राजधानी शब्दको अर्थ बताउँदा नेपालको नक्सामा राजधानी यहाँ पर्छ भनेर शिक्षकले बताई दिँदा राजधानी शब्दको अर्थबारे धारणा बनाउन विद्यार्थीलाई सजिलो हुन्छ ।

**नाटकीकरण वा अभिनय गर्ने**

अमूर्त शब्द र अनुकरणात्मक शब्दहरूको शब्दार्थ शिक्षण गर्दा नाटकीकरण वा अभिनय विधि वढी उपयुक्त हुन्छ । शिक्षणमा विविधता ल्याउन र रुचिकर बनाउन पनि महत्त्वपूर्ण हुन्छ । मुसुक्क, भुसुक्क, हुर्‍याउनु जस्ता शब्दहरूको शिक्षणमा नाटकीकरण विधि उपयुक्त हुन्छ । हाउभाउ, प्रदर्शन, अभिनय, अङ्ग सञ्चालन, मुखमुद्रा र उच्चारणसमेत दुरुस्त हुने गरी ती शब्दका आशय, अभिप्राय र अर्थलाई प्रभावकारी ढङ्गले विद्यार्थीहरूमा सम्प्रेषण गर्न सकिन्छ ।

**निर्माण प्रक्रिया देखाउने**

उपसर्ग लागेर, प्रत्यय लागेर समास भएर द्वित्व प्रक्रियाद्वारा र सन्धि भई बनेका शब्दको अर्थ शिक्षण गर्दा व्युत्पादन र रूपायन प्रक्रियाका बारेमा विद्यार्थीलाई जानकारी दिनु राम्रो हुन्छ । शब्दार्थ शिक्षणका शब्दको क्रममा बनोट वा निर्माण प्रक्रिया देखाई शब्दार्थ शिक्षण गर्नु पर्दछ । शब्दको अर्थ नबुझेको विद्यार्थीले शब्दको निर्माण प्रक्रिया बुझेपछि वा देखेपछि शब्दार्थ बुझ्न सक्दछन् । उदाहरणको लागि सौन्दर्य शब्दको अर्थ नजानेका विद्यार्थीले यसको बनोट 'सुन्दर' शब्दमा 'य' प्रत्यय लागेर बनेको हुन्छ भनेर शिक्षण गर्दा सौन्दर्य शब्दको अर्थ धेरै विद्यार्थीले बुझ्न सक्छन् ।

**प्रसङ्ग वा सन्दर्भको व्याख्या गर्ने**

कतिपय सन्दर्भमा शब्दको अर्थ स्पष्ट पार्न प्रसङ्ग वा सन्दर्भको व्याख्या गर्नुपर्ने अवस्था रहन सक्छ । अमूर्त शब्द र उखान टुक्काको अर्थ स्पष्ट गर्न पनि यो विधि प्रभावकारी मानिन्छ । अर्थ स्पष्ट गर्न तिनको प्रयोगपरक आशय र प्रसङ्गको वर्णन आवश्यक रहेको हुन्छ । जस्तै : देश पस्नु शब्दले अभिधार्थमा देशभित्र बस्नु भन्ने अर्थ दिन्छ भने व्यग्यार्थमा देश छाडेर बाहिर जानु भन्ने हुन्छ । यसरी शब्दार्थको शिक्षणमा प्रसङ्ग वा सन्दर्भको व्याख्या पनि महत्त्वपूर्ण हुन्छ ।

**अभ्यासीकरण गराउने**

शब्दार्थ शिक्षण गर्दा विद्यार्थीमा अरूले बताइदिएर वा भनेको सुनेर पनि शब्दार्थको ज्ञान प्रभावकारी रूपले नभएको हुनसक्छ । विद्यार्थीले आफूले जानेको शब्द विभिन्न प्रयोग र सन्दर्भअनुसार प्रयोग गर्न सक्छन् कि सक्दैनन् ? भन्ने कुरा प्रमुख हुन्छ त्यसैले विभिन्न सन्दर्भ र प्रसङ्गमा शब्दको प्रयोग, वाक्यमा प्रयोग आदिको अभ्यास बढीभन्दा बढी गराएर शब्दार्थ शिक्षण गराउनु पर्दछ ।

माथि उल्लेखित विधि र प्रक्रियाका साथसाथै विद्यार्थीहरूलाई नै कठिन शब्दहरूको सूची बनाउन लगाएर, विद्यार्थीहरूबाटै अर्थ खोज्ने बानीको विकास गराउन सकेमा मात्र कक्षा शिक्षणमा विद्यार्थीको सक्रियता बढ्छ । विद्यार्थीले पत्ता लगाउन नसकेका शब्दार्थहरू विषय शिक्षकले सामग्रीहरूमा देखाउदै शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका शब्दार्थ पत्ती आदि देखाउँदै बताउँदै शिक्षण गर्न सकिन्छ । शब्दार्थ स्पष्ट पार्ने क्रममा शिक्षकले शब्दार्थ शिक्षणका विधिहरूको उपयोग गर्दै बताउनु पर्दछ । शब्दकोशको प्रयोग गर्न सिकाउने र विद्यार्थीलाई नै सञ्चालन गर्न लगाएर शब्दार्थको हाजिरीजवाफ खेलाउन सकिन्छ । कुनै पनि शब्द सधैं एउटै अर्थमा मात्र प्रयोग हुने स्थिति हुँदैन । शब्दार्थमा प्रायः शब्दले भाषाको अभिधार्थलाई देखाउँछन् तर कतिपय शब्दले भने सन्दर्भ र प्रसङ्गअनुसार अर्कै अर्थ दिन सक्ने सम्भावना हुन्छ । 'गधा' शब्दले कोशीय अर्थमा भारी बोक्ने पशु प्राणी भन्ने अर्थ दिन्छ भने कुनै मान्छेलाई सङ्केत गरेर 'गधा' भन्दा मूर्ख मान्छे भन्ने हुन्छ । शब्दार्थ शिक्षणमा नेपाली भाषाशिक्षकले भााषाशिक्षणमा निम्न कार्यहरू गर्न सकिन्छ :

१. शब्दार्थ शिक्षणका सबै विधिहरू आवश्यकता अनुरूप उपयोग गर्ने
२. सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूमा जति सक्यो बढी अभ्यस्त गराउने
३. लिखित सामग्री पढ्ने अभ्यास प्रशस्त गराउने
४. विभिन्न विषयसँग सम्बन्धित पुस्तक र सन्दर्भ पुस्तकहरू पढ्न प्रेरित गर्ने
५. पुस्तकालय अध्ययन र पत्र पत्रिका अध्ययनमा अभिप्रेरित गर्ने
६. प्रसङ्ग र सन्दर्भअनुसार शब्द प्रयोग गर्न उत्प्रेरित गर्ने
७. ग्रहणात्मक/पहिचानात्मक/निष्क्रिय र अभिव्यक्तिपरक/उत्पादनात्मक/ सक्रिय शब्दभण्डार बढाउन कथ्य र लेख्य भाषिक कार्यकलापमा सहभागी बनाउने
८. अतिरिक्त वा सहकार्यकलापमा सहभागी बन्न प्रेरित गरी अवसर जुटाइ दिने
९. रेडियो, टिभी आदि श्रव्यदृश्य सामग्रीहरूको उपयोगलाई प्राथमिकता दिने
१०. शब्द व्युत्पादन,रूपायन, निर्माण जस्ता विविध कार्यकलापमा निरन्तर सहभागी बनाई शब्दवर्गीय कार्यहरूका बारेमा सचेतता साथ प्रयोग अभ्यास गराइ रहने
११. शब्दकोशको उपयोग गर्ने बानी बसाल्न प्रोत्साहित गर्ने

(शर्मा र पौडेल, २०७०, पृ. १७६) ।

न्यू होराइजन माध्यमिक विद्यालय तानसेन, पाल्पाका नेपाली शिक्षक मोतीबहादुर के.सी. ले कक्षा ९ को नेपाली विषयको पाठ १२ मा रहेको 'समय पीडा' कथाको शब्दार्थ शिक्षण गर्दा निम्न बमोजिमको शिक्षण क्रियाकलापहरू गराउनुभएको पाइयो ।

क) कक्षामा कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाएर

ख) रेखाङ्कित शब्दहरूलाई कापीमा टिपोट गर्न लगाएर

ग) कापीमा टिपोट गरिएका शब्दहरू पाठको अन्त्यमा दिइएको शब्दार्थ सूचीमा भएको वा नभएको पत्ता लगाउन लगाएर

घ) विद्यार्थीलाई आपसमा छलफल गर्न लगाएर

ङ) एक आपसमा गरिएको छलफलबाट उत्तर नआएमा शब्दको पर्यायवाची, विपरीतार्थी, नाटकीकरणका आधारमा शब्दहरू बताएर

च) अर्थबोध गराएर

शिक्षण क्रियाकलापपछि विद्यार्थीहरूलाई प्रतिनिधिमूलक ढङ्गले प्रश्नहरू सोध्दा निम्न प्रतिक्रियाहरू पाइयो । न्यू होराइजन मा. वि. की छात्रा रिया बस्यालले 'समय पीडा' कथामा कठिन लागेर रेखाङ्कन गरेका १२ शब्दहरू (जोईपोइ, पदचाप, गोडा टेक्न, धड्कन तेज हुनु, कुसमय, मनाकाश, उकुसमुखुस, रमझममा रङ्गिन, प्रपञ्च, विह्वल, आश्वस्त, टहल्दै) मध्ये ४ ओटा शब्दहरू (पदचाप, गोडा टेक्न, धड्कन तेज हुनु, कुसमय) शब्दार्थ सूचीमा भेटेका ५ ओटा शब्दहरू ( उकुसमुखुस, रमझममा रङ्गिन, प्रपञ्च, विह्वल, आश्वस्त) साथीसँगको छलफलबाट थाहा भएको ३ ओटा शब्दहरू ( जोईपोइ, मनाकाश, टहल्दै) शिक्षकले बताइदिएपछि जानेको बताइन् । अर्का विद्यार्थी कविर ढकालले १६ ओटा जटिल शब्द पाठबाट रेखाङ्कन गरेकोमा ५ ओटा शब्दार्थ सूचीमा पाएको ६ ओटा साथीहरूसँगको छलफलबाट अर्थ जानेको ५ ओटाको अर्थ शिक्षकले भनिदिएपछि मात्र थाहा भएको बताए । के. सी.सरले कक्षामा केही महत्त्वपूर्ण शब्दहरूको शब्दपत्ती र शब्दार्थपत्ती सामग्रीका रूपमा देखाउनु भएको थियो । शिक्षकले हातमा नेपाली वृहत् शब्दकोशसमेत ल्याउनुभएको थियो । कक्षा अवलोकनपछि सरसँग लेखकको छोटो अन्तर्वार्तामा शब्दार्थ शिक्षणका अन्य विधिहरूको उपयोग गर्न सकिने सम्बन्धमा र शब्दकोशको प्रयोगबाट विद्याथीहरूले आफै कठिन शब्दहरूको अर्थ खोज्न सक्ने भएकाले शब्दार्थको अभ्यास गर्दा विद्यार्थीलाई शब्दकोश हेर्ने बानीको विकास गराउने र आफैले कठिन शब्दको अर्थ खोज्ने हुँदा विद्यार्थी नै सक्रिय भएर गरिने शिक्षण प्रभावकारी रहने सुझावसमेत दिइयो ।

सेन्ट कपितानियो विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा श्रेया पाण्डेले आफ्नो आमाको मोबाइलमा नेपाली शब्दकोश डाउनलोड गरेकी छन् । शब्दार्थसम्बन्धी कुनै दुविधा हुँदा घरमा आएर मोबाइल हेरेर शब्दार्थको समस्या समाधान गर्ने विचार राखिन् । उनका अनुसार आफ्ना केही साथीहरूले पनि आफूले जस्तै शब्दार्थको समस्या समाधानका लागि नेपाली शब्दकोश एप्लिकेशन डाउनलोड गरेको बताइन् । श्रेयालाई शब्दको अर्थलाई शब्दार्थ भनिन्छ भन्ने पनि थाहा छ । नेपाली शब्दकोश आफूले देखेको तर केकस्तो अनुक्रममा शब्दहरू शब्दकोशमा राखिएको हुन्छ भन्ने थाहा नभएको बताइन् । कपितानियो विद्यालयकै कक्षा ९ का छात्र आदर्श तिवारीका अनुसार नेपाली शिक्षकले कुनै पनि पाठ शिक्षण गर्दा जटिल लागेका शब्दहरू आफूले सिसाकलमले रेखाङ्कन गरेको पाइयो । आदर्शले आफूले नजानेका शब्दहरूको सूची बनाएर आफै विद्यालयको पुस्तकालयमा गएर शब्दकोशबाट शब्दको अर्थ पहिल्याउने कुरा बताए । कक्षा ९ को पाठ ९ मा रहेको 'कञ्चनजङ्गालाई नियाल्दा' नियात्रा पाठको शब्दार्थ शिक्षणका क्रममा आदर्शले आफूलाई कठिन लागेका ११ शब्दहरू (तृप्त, तरेली, चङ्गिगए, कन्दमूल, हाब्रे, उमङ्गित, तोङ्वा, लाप्पा, पहरेदार, विवशता, बेगिन्ति) रेखाङ्कन गरेका थिए । रेखाङ्कित शब्दहरू मध्ये ४ कठिन शब्दहरू (तृप्त,

तरेली, चड्गिए, कन्दमूल) को अर्थ साथीहरूबाट पाएका आदर्शले बाँकी ७ शब्दहरू (हाब्रे, उमङ्गित, तोङ्वा, लाप्पा, पहरेदार, विवशता, बेगिन्ति) को अर्थ खोज्न पोखेल सरको अनुमतिले पुस्तकालयमा गएर शब्दकोश हेरी शब्दार्थ पहिचान गरी १२ मिनेटमै कक्षाकोठामा फर्केका थिए । विद्यालयका नेपाली शिक्षक तुल्सीराम पोखेलले शब्दार्थ शिक्षणका क्रममा शब्दार्थ शिक्षणका विधिहरूको उपयोग गर्दै शब्दको पर्यायवाचीकरण गरेर, विपरीत अर्थ बताएर, अनेकार्थी शब्द दिएर, परिभाषा दिएर, समावेशीकरण शब्दको माध्यमले, अभिनय वा नाटकीकरण गरेर शिक्षण गर्ने गरेको पाइयो । शिक्षणका क्रममा शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती र श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने कुरा बताइयो ।

माथि उल्लेख गरिएको प्रयोगात्मक अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने शिक्षण सिकाइमा विद्यार्थीलाई नै सक्रिय बनाएर शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन्छ । यसरी सिकेको ज्ञान चिरस्थायी हुने गरेको तथ्य भेटिन्छ । शब्दार्थ शिक्षणमा विधि र प्रक्रियाहरूको प्रयोग भाषाशिक्षकले गरिदिएपछि शब्दको अर्थ विद्यार्थीहरूलाई पत्ता लगाउन सजिलो हुन्छ । शिक्षण सामग्रीको प्रयोगले भाषाशिक्षण प्रभावकारी बन्दछ । प्रविधिको प्रयोगले पनि शब्दार्थ शिक्षणमा सहयोग पुर्‍याएको पाइयो । शब्दकोशको हेर्ने तरिका सिकाएर, शब्दकोश डाउनलोड गर्न लगाएर, विद्यार्थी आफैलाई खोज्न लगाएर, भाषाशिक्षणका क्रममा शैक्षिक सामग्रीहरूको प्रयोग गरेर शब्दार्थ शिक्षण गर्न सकिने सुझाव पनि नेपाली शिक्षकलाई दिइयो ।

## निष्कर्ष

भाषाको अर्थयुक्त आधारभूत एकाइलाई शब्द भनिन्छ, शब्दले बुझाउने अर्थलाई शब्दार्थ भनिन्छ । शब्दले बुझाउने अर्थको शिक्षणलाई शब्दार्थ शिक्षण भनिन्छ । शब्दार्थ शिक्षणले भाषिक सम्प्रेषणमा सहयोग पुर्‍याएको हुन्छ । विद्यार्थीलाई  विधागत पाठ बुझ्न र व्याकरण सम्बन्धी ज्ञान हासिल गर्न यसले सहयोग गरेको हुन्छ । नेपाली विषय शिक्षकले शब्दार्थ शिक्षण गर्दा शब्दार्थ शिक्षणका विधिहरू अवलम्बन गर्न सक्नुपर्दछ । मातृभाषा नेपाली भएका विद्यार्थीहरूलाई नेपाली शब्दार्थको ज्ञान जति हुन्छ दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्नेका लागि नहुन सक्छ यस्तो अवस्थामा फरक फरक मातृभाषी भएका विद्यार्थीहरूलाई उनीहरूको मातृभाषाको भाषासँग सामजस्य गरी सिकाउन पनि सकिन्छ । द्विभाषिक कक्षामा भाषा शिक्षकले पहिलो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरू र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने सिकारुहरूको सिकाइ क्षमताका आधारमा विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै शब्दार्थ सिकाउन सकिन्छ । कुनै पनि शब्दलाई त्यस शब्दको पर्यायवाची शब्दको प्रयोगले शिक्षण गर्न सकिन्छ । शब्दले बुझाउने अर्थ सिकाउँदा शब्दको विपरीतार्थी शब्दको प्रयोगले शब्दार्थ शिक्षण गर्न सकिन्छ । अनेक अर्थलाग्ने शब्दहरूको प्रयोग, समावेशीकरण शब्द, परिभाषा, वस्तु प्रत्यक्षीकरण, नाटकीकरण, शब्दनिर्माण प्रक्रिया, प्रयोग प्रसङ्ग वा सन्दर्भ अनुसारका शब्दको प्रयोग गर्दै शिक्षण गर्नु उपयुक्त हुन्छ ।

नमुना छनोटमा कक्षा ९ मा नेपाली विषय शिक्षण गर्दा नेपाली विषय शिक्षकले कथा विधाको पाठभित्र शब्दार्थ शिक्षण गर्दा विद्यार्थीलाई गहन पठन गर्न लगाएर, गहन पठनका क्रममा असजिलो भएका वा विद्यार्थीलाई कठिन लागेका शब्दहरू रेखाङ्कन गर्न लगाउन सकिन्छ । कथाको अन्त्यमा दिइएको शब्दार्थ सूचीमा हेर्न लगाई त्यहाँ नभेटेका शब्दहरू विद्यार्थीका बीचमा छलफल गराउन उपयुक्त हुन्छ । शब्दकोशबाट बिद्यार्थीलाई नै खोज्न लगाई, शब्दार्थ शिक्षणका विभिन्न विधिहरूको प्रयोग गर्दै शब्दार्थ शिक्षण गर्नु उपयुक्त हुन्छ । यसरी शब्दार्थ शिक्षणका सबै विधिहरूको आवश्यकताअनुसार उपयोग गरेर शब्दार्थ

शिक्षण गर्नु पर्दछ । विद्यार्थीहरूलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूमा जतिसक्दो बढी अभ्यास गराउने, विभिन्न विषयसँग सम्बन्धित पुस्तक र सन्दर्भ पुस्तकहरू पढ्न प्ररित गर्ने, विभिन्न प्रसङ्ग वा सन्दर्भअनुसार शब्द प्रयोग गर्ने,पत्र पत्रिका अध्ययनमा जोड दिने, रेडियो टेलिभिजन आदिका श्रव्यदृश्य सामग्रीहरूको उपयोगलाई प्राथमिकता दिने, शब्दकोशको उपयोगको बानी बसाल्ने, भाषिक शब्दभण्डार बढाउने आदि क्रियाकलाप गर्नाले विद्यार्थीमा शब्दार्थको ज्ञान बढ्दै जान्छ । विद्यार्थी नयाँ कुरा जान्न, बुझ्न, देख्न र अनुभूति गर्न अत्यन्तै उत्साहित हुन्छन् । उनीहरूको चञ्चल एवम् जिज्ञासु मनमा शब्दभण्डारको विकास गराउन सक्नुपर्दछ । शब्दपत्ती, अर्थपत्ती, वाक्यका नमुनाहरू भएका पत्तीहरू, सूचीहरू, शब्दार्थ सम्बन्धी श्रव्यदृश्य सामग्रीहरूको प्रयोगले पनि विद्यार्थीहरूमा शब्दार्थ सम्बन्धी चासो बढ्दै जान्छ । शब्दार्थ सिकाउने तौर तरिकालाई शब्दार्थ शिक्षणका विधिहरू भनिन्छ । जसको उपयोगले विद्याार्थीको शब्दार्थ बोधको क्षमता बढ्दै जान्छ । मोबाइलमा शब्दकोश डाउनलोड गरेर पनि  सहज रूपले शब्दार्थ भेटाउन सकिन्छ । शब्दार्थको ज्ञानले विद्यार्थीहरूमा शब्दभण्डार क्षमता विकास हुन्छ । विधागत पाठको बारेमा, व्याकरणको बारेमा सम्प्रेषण र विश्लेषण गर्न सहयोग पुग्दछ ।

## सन्दर्भसूची


गैरे, शंकरप्रसाद (२०६९). *सामान्य भाषाविज्ञान.* काठमाडौं : बृहस्पति पुस्तक प्रकाशन ।

ढकाल, शान्तिप्रसाद, पोखरेल केशवराज, जिरेल, टीकाबहादुर र काफ्ले, उमेश (२०७५). *अनिवार्य नेपाली.* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा. लि ।

पौडेल, नेत्रप्रसाद (२०७३). *भाषाविज्ञान र नेपाली भाषा.* काठमाडौं : पैरवी प्रकाशन ।

भुसाल, केशव (२०७४). *भाषाविज्ञान.* काठमाडौं : सनलाइट पब्लिकेशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०). *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।